प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल

ईमेल: mosdkailali07@gmail.com
फोन नं.:०९१५२४५६३
०९१५२६५०४
फ्याक्स नं.०९१-५२७१६८

प.स. ०७६/७७
च.नं. १३२४

मिति :२०७६।०९।१४ गते

विषय : संसोधन गरिएको बारे ।

उपरोक्त सम्बन्धमा यस मन्त्रालयको आ.व. ०७६।०७७ को वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत सामाजिक विकास तर्फको कार्यक्रम संचालन गर्ने सम्बन्धीको कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७६।०७७ को बुदाँ नं. १४ मा उल्लेखित **"दलित र अल्पसंख्यक आदिवासीका लागि गार्मेन्ट तालिम २५ जनालाई (व्यवसाय स्थापना खर्च अनुदान सहित)"** कार्यकमं कार्यान्वियन प्रकिया मिति २०७६।०९।१४ (मा.मन्त्रीस्तर) को निर्णयानुसार संसोधन गरिएको व्यहोरा जानकारी गराईन्छ । साथै संसोधित छाँया प्रति यसै साथ संलग्न राखिएको छ ।

कमला शाही
महिला विकास अधिकृत

१४. दलित र अल्पसंख्यक आदिवासीका लागी गार्मेन्ट तालिम २५ जनालाई (व्यवसाय स्थापना खर्च अनुदान सहित)

उद्देश्य

(१) दलित र अल्प संख्यक आदिवासीलाई स्वरोजगार बनाई उनिहरुको जिवनस्तरमा सुधार ल्याउने ।

| स्वीकृत क्रियाकलापमा, मुख्य मुख्य क्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | समयावधि | अनुगमन/परिणाम सूचक |
|---|---|---|---|
| २.७.८.१७ दलित र अल्प संख्यक आदिवासिका लागी गार्मेन्ट तालिम २५ जनालाई (व्यवसाय स्थापना खर्च अनुदान सहित)<br><br>(क) प्रदेशका नौ वटै जिल्लाका विपन्न, सेवा सुविधाबाट वञ्चित दलित र अल्प संख्यक आदिवासी महिला तथा पुरुषहरु यस तालिमका सहभागी हुनेछन । अल्पसंख्यक आदिवासी छनौट गर्दा आदिवासी प्रमाणपत्रलाई आधार मानिनेछ ।<br>(ख) प्राविधिक शिक्षा तथा व्यवसायीक तालीम परिषद् (CTEVT) को पाठ्यक्रम अनुसार कम्तीमा ३९० घण्टा (तीन महिना) उक्त गार्मेन्ट तालीम संचालन गर्नुपर्नेछ । तालीमका सहभागीलाई व्यवसाय स्थापनाका लागि गार्मेन्ट मेसिन सामाग्री उपलब्ध गराउन सकिनेछ । यसरी मेसिन तथा सामाग्री उपलब्ध गराउँदा निश्चित शर्त सहित सम्झौता गर्नुपर्नेछ ।<br>(ग) मन्त्रालयले स्वीकृत बजेट बाँडफाड गरी व्यवसायिक तथा सिप विकास तालिम केन्द्रलाई अख्तियारी प्रदान गर्नेछ । | • सामाजिक विकास मन्त्रालय<br>• व्यवसायिक तथा सिप विकास तालिम केन्द्र कैलाली र कञ्चनपुर | प्रथम चौमासिक | कार्ययोजना, सहभागी हाजिरी, फोटो र प्रतिवेदन, |

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
सामाजिक विकास मन्त्रालय
कैलाली, नेपाल
२०७४

निमित प्रदेश सचिव

कृष्णराज सुबेदी
मन्त्री